आज मिति २०७७/१/८ गते सोमबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

**प्रस्तावहरु**

१. तथ्यांक संकलन सम्बन्धमा ।

२. पदाधिकारी सेवासुविधा सम्बन्धमा ।

३. आर्थिक सहायता सम्बन्धमा ।

४. सहयोग आह्वान सम्बन्धमा ।

५. थप राहत वितरण सम्बन्धमा ।

६. विविध तथा अन्य प्रासंगिक बिषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथा तथा नियन्त्रणका सम्बन्धमा आवश्यक यस गाउँपालिकाको देहायका तथ्यांकहरु संकलनका लागि सम्बन्धित वडाध्यक्षहरुलाई निर्देशन दिने निर्णय गरियो ।

१. ज्यालामजदुरीमा आश्रित व्यक्ति तथा परिवारको लगत

२. देशका विभिन्न स्थानमा अलपत्र अवस्थामा रहेका विद्यार्थीहरुको लगत

३. भारत तथा तेस्रो मुलुकबाट आएका नागरिकहरुको लगत

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाका पदाधिकारीहरुले खाइपाई आएको , पारिश्रमिक लगायतको सुविधाहरु २०७६ कार्तिकबाट सर्वोच्च अदालतको निर्णयानुसार खारेज गरिएकोमा सो भन्दा पछिको हकमा सेवासुविधाको निर्णय नभएसम्मका लागि साविकबमोजिमको सञ्चार खर्च र बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. ९ निवासी श्री गोपाल वि.क. भारतको सुरत भन्ने स्थानमा दुवै मृगौला काम नलाग्ने भई उपचाररत रहेकोमा निजको उपचार सहयोगार्थ यस गाउँपालिकाको तर्फबाट रु. १,००,००० आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो । साथै शिवालय गाउँपालिका वडा नं. ५ का श्री भिम बहादुर शाहीको एउटा मृगौला काम नलाग्ने भई उपचाररत रहेकोले निजलाई उपचार सहयोगार्थ रु.५०,००० आर्थिक सहायता मिल्दो शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रणको लागि यस गाउँपालिकाद्वारा स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा सहयोग गर्न चाहने इच्छुक गैसस, व्यवसायिक संघ संगठन तथा शुभेच्छुक व्यक्तिहरुबाट सहयोग आह्वान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट प्रभावित ज्याला मजदुरीमा आश्रित विपन्न तथा असहाय १५० घरपरिवारलाई राहत वितरण गरिएकोमा त्यस्ता घरपरिवार अझै बढी रहेको बुझिन आएकोले पुनः सोही संख्यामा घरपरिवारलाई राहत वितरण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रणको लागि यस गाउँपालिकामा भारत तथा तेस्रो मुलुकबाट आएका मानिसहरुको Rapid Diagnostic Test मा सहयोग गर्नुहुने स्वास्थ्य विकास कार्यालय जाजरकोटको टिमलाई धन्यवाद दिने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/१/८ मा बसेको पैचालिसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत